दुधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

गाउँसभाका आदरणीय अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,
सम्पूर्ण कर्मचारी वर्गहरु,
पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

यस दुधपोखरी गाउँपालिकाको १४ औ गाउँसभाको अध्यक्षता गरिरहनु भएका अध्यक्ष तथा यस गाउँपालिकाका श्रद्धेय अध्यक्ष ज्यू , प्रमुख प्रशासकीय अधिकृत ज्यू , दुधपोखरी गाउँपालिका वार्ड नं. १ देखि ६ नं. वडाका वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँससभाका सम्पूर्ण सदस्यज्यूहरु ,उपस्थित सम्पूर्ण कर्मचारी साथिहरुमा दुधपोखरी गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

यस दुधपोखरी गाउँपालिकाको आ.ब. २०८०।०८१ को बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु ।

देशको ऐतिहासिक प्राजातान्त्रिक आन्दोलन , संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा बिभिन्न कालखण्डहरुमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।

यस गाउँपालिकाबाट संचालिन सम्पूर्ण बिकासका कार्यक्रमहरु गाउँकार्यपालिकाका बिषयगत शाखा वडा संगको समन्वय एवं सहकार्यमा भइरहेको कुरा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाइ अवगत नै छ । यस गाउँपालिकाको लागि संघिय सरकार र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक राजशव संकलनबाट प्राप्त रकमलाइ जोडि आएको कुल बजेटको सिमा भित्र रही संघिय सरकार र प्रदेश सरकारको मार्ग दर्शन र गाउँपालिकाको भुगोल, जनसंख्याको आधारमा चालु आ.ब.मा संचालन भएका र आगामी आ.ब.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका बिभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने प्रजातान्त्रिक बिधि र संस्कारलाइ आत्मसात गर्दै म चालु आ.ब.को यथार्थ आय व्याय र आगामी आ.ब.को प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्न अनुमति चाहन्छु ।

सभाका अध्यक्षज्यू,

मैले यस गरिमामय सभामा आ.ब. २०८०।०८१ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, २०७२ स्थानिय सरकार संचालन ऐन ,२०७४ पन्धौ योजना , स्थानिय निर्वाचन घोषणा पत्र , सार्वजनिक खरिद ऐन तथा नियमावली , नेपाल सरकारको आ.ब. २०८०।०८१ को बार्षिक नीति कार्यक्रम र बजेट बक्तव्य , अन्तर सरकार बित्त व्यवस्थापन ऐन ,२०७४ प्रदेश सरकारको आ.ब. २०८०।०८१ को बार्षिक नीति कार्यक्रम र बजेट बक्तव्य , राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोग ऐन ,२०७४ दुधपोखरी गाउँपालिकाको आ.ब. २०८०।०८१ को नीति तथा कार्यक्रम , संघिय सरकार र प्रदेश सरकारले समय समयमा जारी गरेको नीति कानून तथा मापदण्डहरु , दिगो बिकासका लक्षयहरु , स्थानिय श्रोत साधन स्थानिय कानून कार्यविधिहरु लाइ आत्मसाथ गरी बजेट निर्माण गरिएको छ ।

सभाका अध्यक्षज्यू,

अब म गत आ.ब. २०७८।०७९ को बास्तविक यथार्थ आम्दानि र खर्च को बिवरण प्रस्तुत गर्न चाहान्छु ।

आम्दानी तर्फ

क्षेत्र बहादुर गुरुङ
उपाध्यक्ष

संघिय सरकार र प्रदेश सरकाबाट प्राप्त अनुदान २४ करोड १५ लाख ७० हजार , राजश्व बाडँफाड तर्फ ५ करोड २५ लाख ९० हजार १ सया ६६ रुपैया , गत आ.ब. को जिम्मेवारी सहित आन्तरिक आय तर्फ ६ करोड १८ लाख ५३ हजार ८ सय ८४ रुपैया ,गरि जम्मा कुल आय ३५ करोड ६० लाख १४ हजार ५० रुपैया   रहेको थियो ।

व्याय तर्फ

चालु खर्च तर्फ १६ करोड ९६ लाख ६७ हजार २ सया ३८ रुपैया , पुजिगत खर्च तर्फ १० करोड ७२ लाख ३७ हजार १९ रुपैया  गरी कूल जम्मा खर्च २७ करोड ६९ लाख ४ हजार २ सय ५७ रुपैया खर्च हुन गइ चालु आ.ब. २०७९।०८० का लागि ५ करोड ८७ लाख ८९ हजार २ सय ८८ रुपैया अ.ल्या भइ जिम्मेवारी हस्तान्तरण हुन गएको ।

चालु आ.ब.२०७९।०८० को  सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले हाल सम्मको बास्तविक आय व्याय बिवरण आर्थिक बर्षको मसान्त सम्मको संशोधित आय व्याय अनुमान प्रस्तुत गर्न चाहन्छु ।

हाल सम्म प्रस्तावित आय अनुमानका बिभिन्न शिर्षकहरुबाट रु २७ करोड ९२ लाख ३१ हजार २ सय १५ रुपैया  हुन गएकोमा खर्च तर्फ चालु शिर्षकमा कार्यालय संचालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक सहित शैक्षिक सामाजिक न्याय तथा समावेशि करण र शुसासन तर्फ को कुल बजेट मध्ये हाल सम्मको खर्च रु १४ करोड ३१ लाख ९२ हजार  र पूजिगत तर्फ ९ करोड ३२ लाख ७९ हजार ३ सय १ रुपैया रहेको  छ ।

सभाध्यक्ष ज्यू

आगामि आ.ब. २०८०।०८१ को अनुमानित बजेट पेश गर्न चाहन्छु ।

यस दुधपोखरी गाउँपालिकाको लागि आ.ब. २०८०।०८१ का लागि संघिय सरकारबाट समानिकरण अनुदान ६ करोड ९७ लाख , राजश्व बाडफाडमा रु ६ करोड ४४ लाख ९५ हजार , शसर्त अनुदान रु १५ करोड ५० लाख , बिशेष र समपुर रु ४ करोड १० लाख गरी जम्मा १९ करोड ६०लाख  संघिय सरकारबाट प्राप्त भएको छ । त्यस्तै प्रदेश सरकाबाट समानिकरण अनुदान ७५ लाख ७३ हजार ,राजश्व बाडफाड तर्फ ४६ लाख ५० हजार , शसर्त अनुदान तर्फ ५० लाख , समपुरक अनुदान तर्फ रु ५० लाख गरी प्रदेश सरकारबाट जम्मा रु २ करोड २२ लाख २३ हजार, यस आ.ब. २०७९।०८० बाट अनुमानित अ.ल्या. रकम रु ३ करोड ३ लाख   र यस गाउँपालिकाको  स्थानिय राजश्व परामर्श समितिबाट आ.ब. २०८०।०८१ का लागि प्रक्षेपण गरिएको रु २५ लाख समेत  रु ३८ करोड ५२ लाख १८ हजार ५ सय आय अनुमान गरिएको छ । यसमा सामाजिक सुरक्षा भत्ता तर्फको रकम उल्लेख गरिएको छैन।

सभाध्यक्ष ज्यू

आ.ब. २०८०।०८१ को बजेटका उदेश्यहरु पेश गर्दछु ।

- गाउँपालिकाको आर्थिक , सामाजिक, शैक्षिक
- एवं पूर्धाधार बिकासको संभावनालाइ मूर्त रुप दिने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रममा प्रस्तुत भएका गौरवका चालु योजना / आयोजनाहरुलाइ पूर्ण रुपमा सम्पन्न गर्ने ।
- गाउँपालिका भित्र रहेका सामाजिक , आर्थिक रुपमा पिछडिएका बर्गको उत्थान गर्दै गरिवी न्यूनिकरण मार्फत दिगो बिकासको लक्ष्य प्राप्त गर्ने ।
- कृषि लक्षित कार्यक्रम तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी बृद्धि गर्ने ।
- संक्रामक लगायत सबै प्रकारका रोग र बिपदबाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाइ सहज र सुरक्षित एवं क्रियाशिल बनाउने ।

क्षेत्र बहादुर गुरुङ
अध्यक्ष

- ग्रामिण क्षेत्रमा बिकासका पूर्वाधरहरु तयार गरी बसाइ सराइ नियन्त्रण गर्दै आकर्षक केन्द्रको रुपमा बिकास गर्ने ।
- पर्यटन पूर्वाधार बिकास गरी गाउँपालिकाबासीलाइ रोजगारी श्रृजना गरी आयस्तर बढाउने ।
- सुशासनलाइ प्रवर्द्धन गर्दै जनताको काम छुटो छरितो रुपमा सम्पादन गर्ने ।
- कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
- स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु.

सभाध्यक्ष ज्यू

अब म आगामी आर्थिक बर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

१ गाउँपालिकाको सदरमुकाम देखि वडा कार्यालय जोडने पाउदी जोर्नी सडक प्रदेश स्तर, गौडा जोर्ने सडक, जोर्ने कोल्की सडक , जोर्ने उदी सडक ,जोर्ने ठुलो काभ्रे सडक , जोर्ने बिचौर सडक , जोर्ने कल्लाबारी सडकलाइ बाह्रै महिना संचालन हुने व्यवस्था मिलाएको छु र पालिका भित्र रहेका अन्य सडकलाइ आवश्यकता पहिचान गरी यातायात सहज ढंगले सूचारु गर्ने उदेश्यले त्यस्ता ग्रामिण सडकहरुको लागि सडक मर्मत कोष / सडक सफाइ अन्तरगत बजेट बिनियोजन गरेको छु ।

२ लामागाउँ जोर्ने सामघडेरी सडक , प्यारजुङ पात्ले सडक र चिल्लि दोभान भन्ज्याङ जोर्ने सडक संघिय सरकार र प्रदेश सरकारबाट समपुरक कोषमा योजना समावेश भएकोले उक्त कार्य सम्पन्न गर्नका लागि गाउँपालिकाले थप म्याचिङ फन्टमा रकम राखि कार्य गर्नका लागि रु .७ करोड ९० लाख रुपैया व्यवस्था मिलाएको छु ।

३ योजनाहरुको गुणस्तर कायम गर्नका लागि प्राविधिक प्रयोगशालाको व्यवस्था मिलाउनका लागि रु १० लाख बजेट व्यवस्था मिलाएको छु ।

४ एक घर एक धारा राष्ट्रिय अभियानलाइ निरन्तरता दिन बजेट बिनियोजन गरेको छु ।

कृषि तथा पशु तर्फ

५ संभाव्यता अध्ययन गरी आगामी आ.ब. २०८०।०८१ मा चिया पत्ति र ओखर खेतिका लागि रु १ लाख र सिताको च्याउ उत्पादनका लागि १ लाख बिनियोजन गरेकोछु ।

६ रैथाने बालि संरक्षणका लागि रु ५० लाख रुपैया बिनियोजन गरेको छु ।

७ कृषकको आय आर्जन वृद्धि गर्न यान्त्रिक उपकरण अनुदानमा उपलब्ध गराउनका लागि रु १४ लाख रुपैया बिनियोजन गरेको छु । कृषि बालि संरक्षणका लागि १ लाख बिनियोजन गरेको छु ।

८ आगामी आ.ब. देखि गोवर परिक्षणका व्यवस्था मिलाइने छ । पशु स्वास्थ्य उपचार र खोर सुधारका लागि रु १८ लाख बजेट व्यवस्था मिलाएको छु ।

उर्जा

९ ऊर्जाको मुख्य स्रोतका रुपमा प्रयोग भएको दाउरा माथिको निर्भरतालाई कम गर्न वायो ग्यास सौर्य ऊर्जा जस्ता प्रविधिहरुमा लगानी गर्न रु १० लाख बिनियोजन गरेको छु ।

बहादुर गुरुङ

पर्यटन

१० गाउँपालिकाको पर्यटकीय क्षेत्रको विकास, विस्तार र बजारिकरण गर्न पर्यटन पदमार्ग निर्माणका लागि अन्तरपालिका समन्वय र ट्रेकिङ एजेन्सज् एसोसियसन् अफ नेपाल (टान) सँग समन्वय गरी बुद्ध हिमाल-हिमाल चुली ग्रेट लेक सर्किट ट्रेल खोज अनुसन्धान डिजाइन योजना तथा डिपिआर निर्माण लागि रु १० लाख बिनियोजन गरेको छु ।

स्वास्थ्य

११ गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माण कार्य सम्पन्न हुन लागेको ले उक्त अस्पतालमा आवश्यक भौतिक सामाग्री एवं दक्ष जनशक्तिहरुको व्यवस्थापनमा ,बर्थिङ सेन्टर नभएका स्वास्थ्य चौकीमा भौतिक पूर्वाधारको कार्य गरि प्रसुति केन्द्र संचालन, महिला स्वाश्थ्य स्वयम सेविकाको कार्यमा संम्मान गर्दै पालिकाबाट यातायात खर्च समेत स्वास्थ्य क्षेत्र तर्फ रु ८५ लाख व्यवस्था मिलाएको छु ।

शिक्षा/ खेलकुद

१२ दुधपोखरी बासीको इच्छा, गुणस्तरीय र प्रबिधिमैत्री शिक्षा भन्ने नारालाइ आत्मासाथ गर्दै गाउँपालिकाका सबै बिद्यालयहरुलाइ सुचना प्रविधिको उच्चतम ज्ञान हासिल गराउन आइसिटि तालिम, आइसिटि सामाग्री ब्यबस्थापन, बालबिकासमा कार्यरत सहजकर्ताको क्षमता बिकास / तलव निःशर्त अनुदान समेतका लागि रु १ करोड ५ लाख ५० हजार रुपैया व्यवस्था मिलाएको छु ।

१३ राष्ट्रपति रनिङ शिल र अध्यक्षकप भलिवल कार्यक्रमलाइ निरन्तरता दिएको छु ।

महिला / बालबालिका

१४ महिला, दलित,आदिवासी जनजाति, लोपन्मुख तथा सिमान्कृत वर्गको क्षमता अभिवृद्धि र सशक्तिकरणका कार्यक्रम र न्यानो कपडाका लागि लागि रु ६ लाख रुपैया बिनियोजन गरेको छु ।

न्यायिक समिति

१५ जनप्रतिनिधि तथा कर्मचारीलाइ न्यायिक तालिमको लागि रु २ लाख रुपैया बिनियोजन गरेको छु ।

बिपद/ उद्धार राहत

१५ स्थानीय स्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सुचना प्रणाली, खोज तथा उद्धार, राहत सामाग्रीको लागि १० लाख रुपैया बिनियोजन गरेको छु ।

बिबिध

१६ उच्च कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई कार्यसम्पादनभा प्रोत्साहन गर्न र उत्कृष्ट कर्मचारी , शिक्षक र दुधपोखरी गाउँपालिकाको सामुदायिक बिद्यालयमा अध्ययनरत छात्रा छात्र लाइ पुरस्कृती गर्नका लागि रु ३ लाख व्यवस्था मिलाएको छु ।

१७ प्रधानमन्त्रि रोजगार कार्यक्रमलाइ निरन्तरता दिइ कार्यक्रम सफल पार्न रु ४० लाख रुपैया बिनियोजन गरेको छु ।

क्षेत्र बहादुर गुरुङ
उपाध्यक्ष

सभाका सदस्यज्यूहरु,

अब म आर्थिक वर्ष २०८०/८१ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

१ स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।

२ कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

३ आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।

४ गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।

५ रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६ गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।

७ कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०८० यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०८० साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

क्षेत्रवहादुर गुरुङ
उपाध्यक्ष
जय बुधपोखरी
धन्यवाद